# नेवाः देय् दबूको विधान -१११५ संशोधन सहित

## नेवाः देय् दबू

पुष्पलालपथ-१७, ताम्सीपाखा
०१-४२६९०२९, ०१-४२६७६०५
**email : deydaboo@ntc.net.np, nddproject@yahoo.com**
**www.deydaboo.org, facebook.com/newadey.daboo**

# नेवाः देय् दबूको विधान -११११५ संशोधन सहित

नेवारहरु यो देशको समृद्ध सँस्कृति भएको आदिवासी जनजाति समुदाय हो । आफ्नो विशिष्ट भाषा, साहित्य, कला र सँस्कृतिका कारण विश्वविख्यात हुन पुगेका नेवार समुदाय लामो समयदेखि निरन्तर आफ्नै भूमिमा उत्पीडित भएर बाँच्नु परेको छ । नेपाल संवत् ८८८ (वि.सं. १८२५) मा देशमा केन्द्रीकृत सामन्ती राज्य स्थापना भए देखि जातीय, भाषिक तथा साँस्कृतिक उत्पीडन भोग्नु परेका नेवार समुदायले त्यसको विरुद्ध विभिन्न समयमा आवाज बुलन्द गरेका छन् । त्यही क्रममा ने.सं. ११११४ कछलागाः ७ र ८ ( वि.सं.२०५१ मंसीर ९ र १० ) नेपालभाषा मंकाःखलःको आयोजनामा साहित्यिक, भाषिक तथा साँस्कृतिक आन्दोलनका अगुवाको रुपमा परिचित विभिन्न जातीय संघ-संस्थाहरु तथा व्यक्तित्वहरुद्वारा नेवारहरुलाई जातीय रुपमा संगठित गर्नुपर्ने अवश्यकता महशुस गरेको कुरालाई हृदयगमन गर्दै,

नेपाल संवत ११११५ ञलाथ्वः ७ र ८ (२०५२ भाद्र १६ र १७) मा सिद्धार्थ वनस्थली इन्स्टिच्यूट, काठमाडौंमा भएको नेवारहरुको प्रथम राष्ट्रिय अधिवेशनद्वारा स्थापित यस नेवाः देय् दबू स्वयंद्वारा विभिन्न समयमा पारित नीति तथा घोषणापत्रहरुको कार्यान्वयन गर्न तथा नेपाल संवत् ११२६ (वि.सं.२०६३)मा समावेशी लोकतान्त्रिक गणतन्त्र प्राप्तिको लागि भएको शान्तिपूर्ण जनआन्दोलनको उपलब्धीको रक्षा गर्दै आदिवासी जनजाति तथा मधेशी आन्दोलनद्वारा स्थापित संघीय गणतन्त्रको मर्म र भावनालाई आत्मसात् गरी अगाडी बढ्ने संकल्प गर्दै,

नेवारहरुलाई राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक रुपमा सवल बनाउन तथा सचेत पार्न, राज्यमा आफ्नो पहिचान,
पहुँच र प्रतिनिधित्वलाई सुनिश्चित गर्न आवश्यक भएको कुरातर्फ मध्यनजर गर्दै,

र संयुक्त राष्ट्र संघद्वारा घोषित मानवअधिकार बडापत्र, नागरिक एवं राजनीतिक आधिकार सम्बन्धी अन्तराष्ट्रिय अनुवन्ध, आर्थिक, सामाजिक एवं साँस्कृतिक अधिकार सम्बन्धी अनुवन्ध लगायत आदिवासी जनजाति, महिलाको अधिकार सम्बन्धी सम्पूर्ण अन्तराष्ट्रिय दस्तावेजहरुप्रति प्रतिवद्धता व्यक्त गर्दै,

नेपाल संवत ११२७ कछलाथ्व १४ ( २०६३ कार्तिक १८) का दिन पोखरामा सम्पन्न विशेष महाधिवेशनद्वारा पहिलो संशोधन र नेपाल संवत ११३६ चौलागा नवमी (२०७३ बैशाख १९) का दिन नारायणगढ चितवनमा सम्पन्न विधान संशोधन विशेष अधिवेशनद्वारा परिमार्जन सहित दोस्रो संशोधन गरी नेवाः देय् दबूको बिधानलाई पारित गरी लागू गरेका छौं ।

## परिच्छेद १

### प्रारम्भिक

### १ संक्षिप्त नाम र प्रारम्भ :

क) यस संस्थाको नाम **"नेवाः देय् दबू"** र अंग्रेजीमा यसको नाम Newa Dey Daboo रहने छ । छोटकरीमा NDD भनिनेछ ।

ख) यस विधानको नाम "**नेवाः देय् दबूको विधान ११११५ (संशोधन सहित)"** हुनेछ । यो सम्बन्धित निकायबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

ग) नेवाः देय् दबू नेपालका सम्पूर्ण नेवारहरुको साझा राष्ट्रिय संगठन हुनेछ ।

**२ परिभाषा :**

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :**

क) **"विधान"** भन्नाले नेवाः देय् दबूको विधानलाई सम्झनु पर्दछ ।

ख) **"देय् दबू"** भन्नाले नेवाः देय् दबूलाई सम्झनु पर्दछ । यस पछि संस्था मात्र भनिने छ ।

ग) **"नियमावली"** भन्नाले विधान बमोजिम तर्जुमा भएको नियमावलीलाई सम्झनु पर्दछ ।

घ) **"समिति"** भन्नाले संस्थाको केन्द्रीय समितिलाई सम्झनु पर्दछ । यो शब्दले विधान बमोजिम गठन भएको जिल्ला, नगर/गाउँ/प्रारम्भिक समिति समेतलाई जनाउँदछ ।

ङ) **"राष्ट्रिय अधिवेशन"** भन्नाले यस संस्थाको राष्ट्रिय अधिवेशनलाई सम्झनु पर्दछ र **"अधिवेशन"** भन्नाले जिल्ला, नगर/गाउँ को अधिवेशनलाई सम्झनु पर्दछ ।

च) **"बैठक"** भन्नाले नेवाः देय् दबूको केन्द्रीय समितिको बैठक सम्झनु पर्दछ । यो शब्दले बिधान बमोजिम गठन भएको बिभाग, जिल्ला, नगर/गाउँ/प्रारम्भिक समितिको बैठक समेतलाई जनाउँदछ ।

छ) **"सदस्य"** भन्नाले संस्थाका सबै प्रकारका सदस्यहरुलाई सम्झनु पर्दछ ।

ज) **"पार्षद"** भन्नाले केन्द्रीय जिल्ला, नगर/गाउँ परिषदका सदस्यलाई सम्झनु पर्दछ ।

झ) **"स्थानिय अधिकारी"** भन्नाले प्रमुख जिल्ला अधिकारीलाई सम्झनु पर्दछ ।

ञ) **"सचिवालय"** भन्नाले विधान बमोजिम गठन भएको केन्द्रीय, जिल्ला, नगर/गाउँ कार्य सम्पादन समितिलाई सम्झनु पर्दछ ।

ट) **"राष्ट्रिय परिषद"** भन्नाले संस्थाको राष्ट्रिय परिषद सम्झनु पर्दछ ।

ठ) **"जातीय परिषद"** भन्नाले नेवार समुदाय भित्रका विभिन्न जातीय संस्थाको प्रतिनिधिहरुको परिषदलाई सम्झनु पर्दछ ।

ड) **"विभाग"** भन्नाले कार्य समितिद्वारा गठन भएको विभाग सम्झनु पर्दछ ।

ढ) **"परिषद"** भन्नाले विधान बमोजिम गठन भएको जिल्ला, नगर/गाउँ परिषदलाई सम्झनुपर्दछ ।

ण) **"आवद्ध संस्था"** भन्नाले संस्थामा आवद्ध संस्था सम्झनुपर्दछ ।

त) **"भातृसंगठन/विषयगत समिति"** भन्नाले नेवाः देय् दबूको उद्धेश्य प्राप्तिका लागी गठन गरिएका संगठनलाई सम्झनुपर्दछ ।

थ) **"उपसमिति"** भन्नाले कार्य समितिले आपसमा निहित अधिकार सबै वा केही प्रयोग गर्न सक्ने गरी विधान बमोजिम कुनै निश्चित कार्य अवधी तोकी वा नतोकी गठन गरिएको उपसमितिलाई सम्झनु पर्दछ ।

द) **"प्रारम्भिक समिति"** भन्नाले संगठन निर्माणको क्रममा देय् दबूले नेवाः भाषा, साहित्य, कला, सँस्कृति र जातीय आधिकार प्राप्तिका लगि संगठित भौगोलिक तहमा निर्माण गरेको समितिलाई बुझाउनेछ । यस्तो समिति भौगोलिक तहको आवश्यकता अनुसार हुनेछ ।

ध) **"तोके बमोजिम"** वा **"तोकिए बमोजिम"** भन्नाले यस विधानले दिएको अधिकार प्रयोग गरी बनाएका नियमावली, निर्देशिकाद्वारा वा कार्य समितिले तोके बमोजिम वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

**३ संगठित संस्था :**

क) संस्था अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

ख) संस्थाले व्यक्ति सरह आफ्नो नाममा चल अचल सम्पत्ति प्राप्त गर्ने, उपभोग गर्ने र बेच बिखन गर्न सक्नेछ ।

ग) संस्थाले व्यक्तिसरह आफ्नो नाममा नालिस उजुर गर्न सक्ने र संस्थालाई पनि सोही नामबाट नालिस

उजुर लाग्न सक्नेछ ।

घ) संस्थाको अनुसुची २ मा उल्लेख गरिए बमोजिम आफ्नै एउटा छुट्टै चिन्ह(लोगो), झण्डा र छाप हुनेछ

**४ संस्थाको कार्यालय :**

संस्थाको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ । आवश्यकतानुसार नेपाल बाहिर समेत शाखा कार्यालयहरु खोल्न सक्ने छ । जिल्ला, नगर/गाउँ/प्रारम्भिक र वडा कार्य समितिको कार्यालय आ-आफ्नो पायक पर्ने स्थानमा रहने छ ।

## परिच्छेद २

**५ उद्देश्य तथा कार्यहरु**

**१) उद्देश्यहरु :** नेवाः देय् दबू मुनाफा रहित जनहितकारी संस्था हो । नेपालको प्रचलित ऐन कानूनको परिधिभित्र रही यस संस्थाको

उद्देश्य देहाय बमोजिम हुनेछ :

क) सम्पूर्ण नेवारहरुलाई हामी नेवार हौं भन्ने भावनाको बिकास गर्दै संगठित गर्ने ,

ख) नेवार भएर जन्मिनुमा गौरबको भावना अभिबृद्धि गराई नेवारहरु बीच आपसी सहयोगको भावना बिकास गराउने ,

ग) नेवारहरुको इतिहास सँस्कृति, साहित्य, भाषा, कला, संगीत, भेषभुषाको महत्वलाई बोध गराई संरक्षण र सम्बर्द्धन गर्ने ,

घ) परम्परादेखि चल्दै आएका संस्कार रीतिथिति समयानुकुल अपनाउन र त्यसमा देखिएका र भित्रिएका आडम्बर र बिकृति त्याग्नमा प्रोत्साहन गर्ने ,

ङ) नेवारहरुको बृत्ति तथा सीप विकास र रोजगार उपलब्ध गराउनमा सहयोग गर्ने ,

च) नेवारहरुको आर्थिक सामाजिक शैक्षिक र साँस्कृतिक संरक्षण, सम्वर्द्धन र जातीय अधिकार प्राप्तिका लागि कार्य गर्ने ,

छ) भाषा, धर्म, सँस्कृतिका समानताको अधिकार प्राप्तिका लागी ऐक्यवद्धता जनाउने ,

ज) नेपाल भित्र एवं बाहिर विभिन्न क्षेत्रका नेवारहरुको सकारात्मक भूमिकाका लागी भातृत्व र मैत्री सम्बन्ध स्थापित गर्ने ,

झ) सबै आदिवासी जनजाति, जाति, समुदाय, धर्म, सँस्कृति र भाषाभाषीसंग मित्रता कायम गरेर अगाडि बढ्ने,

ञ) समानता, न्याय, शान्ति, स्वतन्त्रता, मैत्री जस्ता मानव समाजका शाश्वत मूल्य अभिवृद्धिहरुमा सहयोग पुऱ्याउने,

ट) नेवारहरुको सामाजिक साँस्कृतिक र आर्थिक सुधार गर्न सक्ने किसिमका अन्य क्रियाकलाप संचालन गर्ने,

**२) कार्यहरुः** संस्थाको उद्देश्य प्राप्तिका लागी देहाय बमोजिम काम गर्नेछ :

क) भाषा, साहित्य, रीतिरिवाज, सँस्कृति उत्थानका लागी नेवारहरु बीच चेतना जगाउँन समय समयमा राष्ट्रिय तथा स्थानीय स्तरमा आवश्यक कार्यक्रम र अभियान संचालन गर्ने ,

ख) नेवारहरुको सामाजिक, साँस्कृतिक, आर्थिक र पेशागत स्थिति सुदृढ गर्नका लागी स्थानीय र राष्ट्रिय स्तरमा आवश्यक अभियान र कार्यक्रम संचालन गर्ने ,

ग) नेवारहरुको जातीय पहिचानका आधार भाषा, लिपि, कला, रीतिथीति, चाडपर्व, पहिरन, परिकार आदिका संरक्षण,  संवर्द्धन र सुधारका लागी समय समयमा प्रशिक्षण अन्तरक्रिया, गोष्ठी, सम्मेलन आयोजना गर्ने ,

घ) विषयगत संगठनहरु निर्माण गर्ने ,

ङ) नेपाल सरकारले दिएका निर्देशनहरु पालन गर्ने ,

च) संस्थामा आवद्ध संघसंस्था मार्फत नेवारहररुको आर्थिक सामाजिक साँस्कृतिक उन्नतिको लागी बिभिन्न कार्य गर्ने, गराउने ,

छ) भाषा, लिपि, साँस्कृतिको संरक्षण र सम्बर्द्धन गर्नका लागी कक्षा संचालन गर्ने गराउने ,

ज) संस्थालाई आवश्यक पर्ने चल अचल सम्पत्ति खरीद गर्ने, निर्माण गर्ने वा अन्य आवश्यक व्यवस्था गर्ने

झ) सामाजिक हित एवं मानवीय सेवाको लागी अत्यावश्यक सेवाहरु शववाहान, एम्बुलेन्स आदि संचालन गर्ने,

ञ) कुनै पनि कार्य गुर्नपूर्व सम्बन्धित सरोकारवाल निकायको पूर्व स्वीकृति लिइनेछ ।

## परिच्छेद ३

**६ सदस्यताः**

(१) संस्थाले प्रदान गर्ने सदस्य देहाय बमोजिम हुनेछ ।

(क) संस्थापक सदस्य

(ख) संस्थागत सदस्य

(ग) साधारण सदस्य

(घ) मानार्थ सदस्य

(ङ) मनोनीत सदस्य

(२)सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने कार्य देहाय बमोजिम हुनेछ ।

**(क) संस्थापक सदस्य :** ने.सं. १११५ मा काठमाडौंमा आयोजित नेवाः देय् दबूको प्रथम राष्ट्रिय अधिवेशनमा सहभागी रहेका अनुसूची १ मा उल्लेख भए बमोजिमका संघ, संस्था, खलः, पुचः, गुथि, व्यक्ति आदि स्वतः देय् दबूका संस्थापक सदस्य मानिने छ ।

**(ख) संस्थागत सदस्य :** देय् दबूले बनाएको नियमावली अनुसार गठन पुर्नगठन भएका नेवाः, जाति, भाषा, लिपि, साहित्य, सँस्कृतिको संरक्षण, संबर्द्धन गर्न र जातीय अधिकार प्राप्तिका लागि स्थापित मुनाफा आर्जन नगर्ने क्रियाशील खलः, पुचः, संघ, संस्था आदि तोके बमोजिमको शुल्क बुझाई संस्थागत सदस्यता प्राप्त गर्न सकिनेछ । यो सदस्यता दिने र नविकरण गर्ने कार्य जिल्ला समितिले गर्नेछ ।

**(ग) साधारण सदस्य :** प्रारम्भिक समितिले विधान बमोजिम योग्यता पुगेका व्यक्तिलाई तोकिए बमोजिम शुल्क लिई साधारण सदस्य प्रदान गर्न सकिनेछ । प्रारम्भिक समिति बाहेक अरु कुनै तहको समितिले व्यक्तिगत सदस्यता दिन सक्नेछैन ।

**(घ) मानार्थ सदस्यः** देहाय बमोजिम व्यक्ति वा संस्थालाई मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ ।

(१) नेवार समाजमा विशिष्ट योगदान गरेका विविध बिधा र क्षेत्रका नेवार ,

(२) नेपाल बाहिरका नेवार संस्था, खलः, पुचः, गुथि

(३) मानार्थ सदस्य राष्ट्रिय महाधिवेशनमा भाग लिन सक्नेछ । तर निर्वाचनमा उम्मेद्वार हुन र मतदान गर्ने अधिकार रहने छैन ।

(**ङ) मनोनित सदस्य :** भाषा, साहित्य, सँस्कृति, लिपि आदि क्षेत्रमा योगदान गरिरहेका वा जातीय अधिकारका लागी कृयाशील रहेका व्यक्तिहरु मध्येबाट सम्बन्धित समितिले सल्लाहकार समितिको परामर्शमा तोकिएको शुल्क लिई क्षेत्रीय, लैंगिक, जातीय समावेशीको आधारमा मनोनीत सदस्य ।

## ७. सदस्यको लागी योग्यता

१) दफा ६ (घ) को सदस्य हुन देहाय बमोजिम योग्यता पुगेको हुनु पर्नेछ ।

क) १८ बर्ष उमेर पुगेका नेवाः समुदायको नेपाली नागरिक ।

ख) प्रचलित ऐन कानूनले अयोग्य नठहरिएका ।

ग) संस्थाको विधान, नीति, नियम, निर्देशिका निशर्त मान्न मञ्जुर गर्ने ।

२) संस्थागत सदस्यको लागी योग्यता

क) विधि सम्मत तरीकाले गठन पुनःगठन गरी क्रियाशील रहेका संस्था

ख) निर्णयको प्रतिलिपि सहित तोकिएको ढाँचा बमोजिम फारम भरी संस्थामा निवेदन गर्न आएका संस्था

## ८ सदस्यको काम, कर्तब्य र अधिकार

क) माथिल्लो निकायको लागी प्रंतिनिधि चयन गर्ने,

ख) बैठकहरुमा सक्रियतापूर्वक प्रतिनिधित्व गर्ने,

ग) निर्वाचन प्रक्रियामा सहभागी हुने,

घ) विधान र विधान अर्न्तगत तर्जूमा गरिएका नियमावली निर्देशिका र समय समयमा जारी गरिएको परिपत्र निशर्त पालना गर्ने,

ङ) तोकिए बमोजिमको जिम्मेवारी वहन गर्ने,

च) संस्थाले विशेष अवस्थामा सहयोग आह्वान गरेको खण्डमा सक्दो योगदान गर्ने ।

## ९ सदस्यताको समाप्ति

(१) देहायका अवस्थामा सदस्यता कायम रहने छैन :

क) मृत्यु भएमा,

ख) तोकिए बमोजिमको बार्षिक शुल्क नबुझाएमा वा नवीकरण नगरेमा,

ग) संस्थाको सम्पत्ति दुरुपयोग वा हिनामिना गरेमा,

घ) सामाजिक हित विपरित कुनै कार्य गरेमा,

ङ) संस्थाको उद्देश्य र हित विरुद्ध संलग्न रहेमा,

च) मगज विग्रेको प्रमाणित भएमा,

छ) लिखित राजिनामा भएमा ।

२) उपदफा (१) (ग) (घ) र (ङ) बमोजिम सदस्यता समाप्तिको बारेमा विवाद भएमा सल्लाहकार समितिको परामर्शमा केन्द्रीय समितिको निर्णय अन्तिम हुनेछ । तर निर्णय गर्नुपूर्व प्राकृतिक न्यायको सिद्धान्त बमोजिम सुनुवाइको मौकाबाट वञ्चित गरिने छैन ।

## परिच्छेद ४

### १०. राष्ट्रिय महाधिवेशन :

क) राष्ट्रिय महाधिवेशन नेवाः देय् दबूको सर्वोच्च अंग हुनेछ । प्रत्येक ३ वर्षमा राष्ट्रिय महाधिवेशन हुनेछ ।

ख) देहाय बमोजिम राष्ट्रिय महाधिवेशन गठन हुनेछ :

१) जातीय परिषदमा रहेका जातीय संस्थाबाट प्रतिनिधित्व गरेका सबै राष्ट्रिय महाधिवेशनमा प्रतिनिधि हुनेछ ।

२) जिल्ला अधिवेशनबाट निर्वाचित कम्तिमा ५ वा जिल्ला अधिवेशनमा प्रतिनिधित्व गर्ने संख्याको आधारमा १०:१ बाट हुने संख्यामध्ये जुन बढी हुन्छ सो संख्या बमोजिम निर्वाचित प्रतिनिधि हुनेछ ।

३) विषयगत संगठन/समिति प्रत्येकबाट २ जना प्रतिनिधि,

४) नेवार समाजमा योगदान पुऱ्याएका बिबिध बिधा र क्षेत्रका नेवारहरु मध्येबाट कुल महाधिवेशन प्रतिनिधिको बढिमा ५ प्रतिशत सल्लाहकार समितिको परामर्शले केन्द्रीय समितिद्वारा मनोनित प्रतिनिधि ।

ग) केन्द्रीय समितिले राष्ट्रिय महाधिवेशन ६० दिन अगाडि सार्वजनिक सूचना जारी गरी आह्वान गर्नु पर्नेछ । यसरी महाअधिवेशन आह्वान गरी सकेपछि ३० दिनभित्र सदस्यता नविकरण गर्नु पर्नेछ । यसपछि दर्ता भएको नयाँ सदस्य र नवीकरण भएको सदस्यलाई महाधिवेशनमा चुन्न र चुनिने अधिकार हुने छैन ।

घ) **गणपुरक संख्या :**
राष्ट्रिय महाधिवेशनको गणपुरक संख्या ५१ प्रतिशत हुनेछ । पहिलोपटक गणपुरक संख्या नपुगेमा लगतै बस्ने महाधिवेशनको गणपुरक संख्या ४० प्रतिशत हुनेछ । दोश्रो पटक पनि आवश्यक गणपुरक संख्या नपुगेमा सभा स्थगित गरी तत्पश्चात बस्ने राष्ट्रिय महाधिवेशनमा उपस्थित सदस्य संख्यालाई नै गणपुरक संख्या मानिने छ ।

ङ) राष्ट्रिय महाधिवेशनको अध्यक्षता केन्द्रीय समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षहरु मध्ये एकलाई केन्द्रीय समितिको निर्णयले चयन भएको उपाध्यक्षले अध्यक्षता गर्नेछ

च) कुनै प्रस्ताव माथि छलफल गर्दा सभामा उपस्थित सदस्यहरुको बहुमतबाट निर्णय गरिनेछ । तर मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

### ११. राष्ट्रिय अधिवेशनको काम, कर्तव्य र अधिकारः

संस्थाको सर्वोच्च निर्णयक अङ्गको रुपमा रहेको राष्ट्रिय महाधिवेशनको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछ

क) राष्ट्रिय परिषद् तथा केन्द्रीय समितिले गरेका कामहरु समीक्षा, मूल्यांकन गर्ने र पारित गर्ने ।

ख) विधान संशोधन प्रस्ताव तथा केन्द्रीय समितिले तर्जुमा गरेको नियमावली, नीति, कार्यविधि निर्देशिका(हरु) अनुमोदन गर्ने ।

ग) केन्द्रीय समितिको निर्वाचन गर्ने ।

घ) केन्द्रीय समितिले लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक तोकेको अनुमोदन गर्ने ।

ङ) सांगठनिक तथा आर्थिक प्रतिवेदन पारित, अनुमोदन गर्ने ।

## परिच्छेद ५

### १२. राष्ट्रिय परिषदको गठन विधि :

नेवाः देय् दबू केन्द्रीय समितिलाई मार्ग निर्देशन गर्न एक राष्ट्रिय परिषद गठन गर्नेछ। राष्ट्रिय परिषद राष्ट्रिय महाधिवेशन पछिको सर्वोच्च अंग हुनेछ। राष्ट्रिय परिषदको गठन देहाय बमोजिम हुनेछ :

क) केन्द्रीय समिति पदेन सदस्य
ख) सल्लाहकार समिति पदेन सदस्य
ग) जातीय परिषदद्वारा आफू मध्येबाट छनौट गरी पठाएको ५ जना।
घ) जिल्ला समितिका अध्यक्ष पदेन सदस्य।
ङ) जिल्ला परिषदबाट ५०:१ जना प्रतिनिधि
च) विषयगत संगठनको अध्यक्ष पदेन।
छ) सम्पूर्ण निर्वाचित एवं पदेन राष्ट्रिय परिषद सदस्य संख्याको ५ प्रतिशत सदस्य अध्यक्षको प्रस्तावमा केन्द्रीय समितिको निर्णयले मनोनित गरिनेछ। यसमा ५० प्रतिशत महिला हुनुपर्नेछ।
ज) राष्ट्रिय परिषदको बैठक प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र बस्नेछ। परिषद बैठक वस्न ३० दिन अगाडि सूचना पठाउनुपर्ने छ।
ञ) राष्ट्रिय परिषदको बैठकमा गणपुरक संख्या सामान्य वहुमत हुनेछ, पहिलो पटकको परिषद बैठकमा गणपुरक संख्या नपुगेमा लगतै बस्ने परिषदको उपस्थिति संख्यालाई नै गणपुरक संख्या मानिनेछ।

### १३. राष्ट्रिय परिषदको काम, कर्तव्य र अधिकार :

क) केन्द्रीय समितिद्वारा प्रस्तुत योजना, बार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन, गत आर्थिक बर्षको लेखा परिक्षण प्रतिवेदन र आगामी बर्षको प्रस्तावित कार्यक्रम तथा आय-व्यय (वजेट) अनुमोदन गर्ने।
ख) राष्ट्रिय महाधिवेशनद्वारा दिईएका निर्देशन र विधान अनुसार कार्य भए नभएको मूल्यांकन गरी उचित निर्देशन दिने।

## परिच्छेद ६

## केन्द्रीय समिति

### १४ केन्द्रीय समितिको गठन र अन्य व्यवस्था :

(१) संस्थाको नीति निर्माण तथा दैनिक कार्य संचालन गर्न ३३ सदस्यीय केन्द्रीय समिति रहनेछ। राष्ट्रिय महाधिवेशनबाट निर्वाचित र अध्यक्षद्वारा प्रस्तावित भई केन्द्रीय समितिले मनोनित समेत गरी देहाय बमोजिमको समिति गठन गरिने छ

| | |
|---|---|
| क) अध्यक्ष | १ |
| ख) सात प्रदेशबाट उपाध्यक्ष | ७ |
| ग) सदस्यहरु | |
| (१) प्रदेश सदस्य | ७ |
| (२) निर्वाचित महिला सदस्य | ६ |
| (३) खुल्ला निर्वाचित | ६ |
| (४) मनोनित | ६ |
| | ३३ |

(२) मनोनित सदस्य ६ जना बाहेक अन्य पदाधिकारी तथा सदस्यहरुको निर्वाचन प्रजातान्त्रिक प्रकृया अनुरुप गरिनेछ । केन्द्रीय समितिमा कम्तिमा ३३ प्रतिशत महिला रहनेछ । उपाध्यक्षहरु र प्रदेश सदस्यहरुको हकमा सम्बन्धित क्षेत्रका महाधिवेशन प्रतिनिधिहरु बीच चुन्ने र चुनिने प्रकिया हुनेछ ।

(३) अध्यक्षको प्रस्तावमा केन्द्रीय समितिको निर्णयबाट जातीय, लैङ्गिक समावेशी हुने गरी जम्मा ६ जना मनोनित गरिनेछ।

(४) उपदफा (१) बमोजिम केन्द्रीय समिति गठन पश्चात अध्यक्षको प्रस्तावमा केन्द्रीय समितिको निर्णयबाट निर्वाचित सदस्यहरु मध्येबाट महासचिव नियुक्ति गरिनेछ । देहाय बमोजिमका पदाधिकारीहरुको कार्य विभाजन केन्द्रीय सदस्य मध्येबाट गरिनेछ ।

| | |
|---|---|
| (क) कोषाध्यक्ष | १ |
| (ख) सचिव | ३ (महिला १ सहित) |

(५) कार्यकाल बाँकी छँदै कुनै पदाधिकारीको पद रिक्त हुन गएमा बाँकी अवधीको लागि देहाय बमोजिम बाँकी अवधीको लागी चयन गरिनेछ ।

क) अध्यक्षको पद रिक्त भएमा उपाध्यक्षहरु मध्येबाट केन्द्रीय समितिले कार्यबाहक अध्यक्ष चयन गरिनेछ । केन्द्रीय समितिले कार्यबाहक अध्यक्ष नियुक्ति नगरे सम्म केन्द्रीय सचिवालयले उपाध्यक्ष मध्येबाट निमित्त अध्यक्ष तोक्न सक्नेछ ।

ख) उपाध्यक्षको पद रिक्त भएका सम्बन्धित क्षेत्रको केन्द्रीय सदस्य मध्येबाट केन्द्रीय समितिले चयन गर्नेछ

ग) मनोनयन भएका पदाधिकारीको पद रिक्त भएमा अध्यक्षले पुनः बाँकी अवधीका लागी मनोनयन गर्नेछ ।

घ) निर्वाचित केन्द्रीय सदस्यको हकमा आफ्नै क्षेत्रको केन्द्रीय पार्षद मध्येबाट सहवरण गर्नेछ ।

ङ) अध्यक्षको उम्मेदवार हुन कम्तीमा १ कार्यकाल केन्द्रीय समितिमा रहि सेवा गरी सकेको हुनु पर्नेछ ।

**१५. केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार :**

क) संस्थाको उद्देश्य प्राप्तिको लागी आवश्यक पर्ने विषयमा नीतिगत निर्णय गर्नु ।

ख) राष्ट्रिय परिषदको बैठक, राष्ट्रिय महाधिवेशन बोलाउने, छलफलका विषय तोक्ने तथा बजेट तयार गर्ने ,

ग) राष्ट्रिय परिषदको बैठक, राष्ट्रिय महाधिवेशनले पारित गरेका कुराहरुको कार्यान्वयन गर्ने ।

घ) संस्थाको बार्षिक प्रतिवेदन तयार गर्ने र राष्ट्रिय महाधिवेशन/राष्ट्रिय परिषदमा प्रस्तुत गर्ने ।

ङ) संस्थाको उद्देश्य पूर्तिका लागी सरकारी, गैर-सरकारी तथा अन्तरराष्ट्रिय दातृसंस्थाहरुसंग सम्पर्क, सल्लाह र सुझाव लिने।

च) देय् दबू संग आवद्ध देशका विभिन्न भागमा रहेका नेवाः खलः पुचः संघ, जातीय संस्थाको गतिविधि निरीक्षण, अनुगमण र मूल्यांकन गर्ने, समन्वय गर्ने ।

छ) सबै जिल्लाहरुको कामहरु र नेवार जातिका संघ संस्थाहरुको काममा समन्वय गर्ने, गराउने ।

ज) मुलुक बाहिरका नेवार संघ संस्थासंग सम्पर्क र समन्वय गर्ने ।

झ) देय् दबूको दैनिक कार्य सम्पादन गर्नका लागी १५ सदस्यीय केन्द्रीय सचिवालय (ज्यासना पुचः)को गठन गर्ने । केन्द्रीय सचिवालयमा देय् दबूका अध्यक्ष-१, उपाध्यक्ष-७, महासचिव-१, सचिव-३, कोषाध्यक्ष-१ र सदस्य २ जना समेत गरी जम्मा १५ जना रहनेछन् । यसको काम, कर्तव्य र अधिकार केन्द्रीय समितिले तोके बमोजिम हुनेछ ।

ञ) आवश्यकतानुसार विभिन्न विभाग (कवः) आदि गठन गर्ने ।
ट) आवश्यकता अनुसार विषयगत समिति गठन गर्ने
ठ) विधानको अधिनमा रहि केन्द्रीय समितिले आवश्यक नीतिनियम, नियमावली, निर्देशिका निर्माण गर्ने, लागू गर्ने,
ड) आवश्यकता अनुसार समिति, उपसमिति गठन गर्ने ।
ण) संरक्षक मनोनयन एवं सल्लाहकार समिति गठन गर्ने ।
त) अध्यक्षको प्रस्तावमा पदाधिकारीहरुको चयन गर्ने ।
थ) निर्वाचन समिति गठन गर्ने

**१६. केन्द्रीय समितिको बैठक**

क) अध्यक्षको निर्देशन अनुसार केन्द्रीय समितिको बैठक कम्तिमा ६ महिनामा एक पटक वस्नुपर्नेछ । कारणवस बैठक वस्न नसके एक महिनासम्म पर सार्न सकिने छ । तर बर्षको कम्तिमा २ पटक अनिवार्यरुपमा बैठक बस्नु पर्नेछ । यस्तो बैठकको सूचना महासचिवद्वारा साधारणतया १५ दिन अगाडि पठाउनुपर्ने छ तर आकस्मिक बैठक जहिलेसुकै पनि बस्न सक्नेछ ।
ख) केन्द्रीय समितिको एक तिहाइ(१/३)सदस्यहरुको अनुरोधमा महासचिवले जुनसुकै वेला पनि केन्द्रीय समितिको बैठक बोलाउन पर्नेछ ।
ग) केन्द्रीय समितिको बैठकको गणपुरक संख्या ५१ प्रतिशत हुनेछ ।
घ) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षहरु मध्ये एकले अध्यक्षता गर्नेछ ।

**१७. सदस्यता कायम नरहने अवस्था**

देहायका अवस्थामा केन्द्रीय समितिका कुनै पदाधिकारी वा सदस्यको पद रिक्त हुनेछ ।
क) नीजले आफनो पदबाट दिएको राजीनामा स्वीकृत भएमा ।
ख) केन्द्रीय समितिका दुई तिहाई सदस्यहरुको वहुमतले मनासिव कारण देखाई निलम्बन गर्न सकिने छ । सो निलम्बनलाई राष्ट्रिय परिषदले अनुमोदन गरेमा ।
ग) विना सुचना लगातार ३ वटा बैठकमा अनुपस्थिति भएमा ।
घ) प्रारम्भिक संस्थाले मनासिव कारण सहित प्रत्याह्वान गरी पठाएको अवस्थामा केन्द्रीय समितिको बैठकले स्वीकृत गरेमा।
(ङ) मृत्यु भएमा ।

**१८ पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार**

संस्थाको पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

**१) अध्यक्षको काम, कर्तव्य र अधिकार**

क) पदाधिकारी तथा सदस्यहरुको कामको बाँडफाँड गर्ने, निर्देशन दिने र राजीनामा स्वीकृत गर्ने,
ख) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय परिषद, केन्द्रीय समिति र केन्द्रीय सचिवालय लगायत नेवाः देय् दबूको बैठकहरुको अध्यक्षता गर्ने
ग) राष्ट्रिय परिषदको/राष्ट्रिय महाधिवेशनमा सदस्य मनोनित गर्न केन्द्रीय समितिमा प्रस्तवा लाने ।
घ) नेवाः देय् दबूको काम सुचारु रुपमा संचालन गर्न आवश्यक कर्मचारीहरुको नियुक्ति र वर्खास्त गर्ने ।
ङ) संस्थाको काम कारवाहीको सम्वन्धमा आवश्यकतानुसार राष्ट्रिय अन्तराष्ट्रिय क्षेत्र अन्य संघ संस्था वा

निकायमा संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने/गराउने ।
च) संस्थाको हित तथा उद्देश्य प्राप्तिका लागी सरकारी गैर सरकारी संघ, संस्था, संगठनसँग सम्पर्क र समन्वय गर्ने, सहयोग अभिवृद्धि गर्ने ।
छ) केन्द्रीय समिति र केन्द्रीय सचिवालयको बैठक नवसेको अवस्थामा अपर्झट कुनै काम गर्न आवश्यक देखिएमा उक्त कार्य नभएमा संस्थालाई हानी नोक्सानी हुने भएमा सो काम गरी आगामी बैठकमा अनुमोदनको लागी पेश गर्ने
ज) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय परिषद तथा समितिको बैठकमा कुनै विषयमा मतदान भै मत वरावर भएमा निर्णायक मत दिने ।
झ) संस्थाको कुनै काम कारवाहीको सम्वन्धमा आवश्यकता अनुसार जाँचबुँझ निरीक्षण गर्ने/गराउने ।
ञ) संस्थाको चल अचल सम्पत्तिको रेखदेख र नियन्त्रण गर्ने/गराउने ।

**२) उपाध्यक्षहरुको काम, कर्तव्य र अधिकार**
क) अध्यक्षले दिएको काम कार्वाही जवाफदेहिताको साथ जिम्मेवारी बहन गर्ने ।
ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरु गर्ने ।
ग) आफू चयन भई आएको क्षेत्र भित्रका क्षेत्र तथा जिल्लाहरुको खलः पुचः संघ संस्था, प्ररम्भिक समिति, जिल्ला समितिको अनुगमन, निरीक्षण गर्ने र सोको प्रतिवेदन केन्द्रीय समितिमा पेश गर्ने ।

**३) महासचिवको काम, कर्तव्य र अधिकार**
क) अध्यक्षको निर्देशानुसार केन्द्रीय समितिको बैठक र केन्द्रीय समितिको निर्णयानुसार राष्ट्रिय महाअधिवेशन तथा राष्ट्रिय परिषदको सभा बौलाउने ।
ख) केन्द्रीय समितिको तर्फबाट राष्ट्रिय महाधिवेशन र राष्ट्रिय परिषदमा केन्द्रीय समितिको बार्षिक प्रगति प्रतिवेदन र आगामी वर्षको कार्यक्रम निर्णयार्थ पेश गर्ने ।
ग) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय परिषद तथा केन्द्रीय समितिद्वारा पारित नीतिहरु कार्यान्वयन गर्ने गराउने ।
घ) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय परिषद र केन्द्रीय समिति बैठकको कार्यसूची तयार गर्ने सूचना निकाल्ने, बैठकको निर्णयहरु अभिलेखन गर्ने, सोको पुस्तिका सुरक्षित राख्न लगाउने र बैठकको निर्णय प्रतिलिपि प्रमाणित गरी सदस्यहरुलाई पठाउने र सोको अभिलेखिकरण गर्ने ।
ङ) अध्यक्षले तोकेको अन्य काम गर्ने/गराउने ।
च) संस्थाको दैनिक प्रशासनिक कार्यमा स्वयं संलग्न रही प्रवन्ध, निरीक्षण निर्देशन दिने ।

**४) सचिवको काम, कर्तव्य र अधिकार**
क) महासचिवको काममा पूर्ण सहयोग गर्ने र महासचिवको अनुपस्थितिमा जिम्मेवार भई महासचिवले गर्ने सम्पूर्ण कार्यहरु गर्ने ।
ख) निर्णय अनुसारको विभागीय दायित्व पुरा गर्ने ।
ग) अध्यक्षले प्रत्यायोजन गरेको वा तोकेको काम गर्ने ।

**५) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**
क) केन्द्रीय समितिको तर्फबाट राष्ट्रिय महाधिवेशन र राष्ट्रिय परिषदमा केन्द्रीय समितिको बार्षिक आर्थिक प्रतिवेदन लगायत लेखा परीक्षणको प्रतिवेदन र आगामी आर्थिक वर्षको प्रस्तावित बजेट पेश गर्ने ।

ख) दोहोरो लेखा प्रणाली अनुसार उपयुक्त लेखा अभिलेखहरु नियमानुसार दुरुस्त राख्ने, राख्न लगाउने ।
ग) संस्थाको कोषमा वृद्धि गर्ने तर्फ सदैव प्रयत्नशील रहने ।
घ) आन्तरिक तथा अन्तिम लेखापरीक्षण कार्य गराउने ।
ङ) संस्थाको स्वामित्वमा रहेको चल अचल सम्पत्तिको जिन्सी खाता अध्यावधिक रुपमा राख्ने राख्न लगाउने
च) संस्थाको दैनिक आर्थिक कारोवार सम्बन्धी सम्पूर्ण कार्य सम्पादन गर्ने ।
छ) जिल्ला समितिको लेखा, कोष सम्बन्धी निरीक्षण, सुझाव दिने र त्यसको प्रतिवेदन कार्य समितिमा पेश गर्ने ।

**६) सदस्यको काम, कर्तव्य र अधिकार**

क) केन्द्रीय समितिको बैठकमा नियमित उपस्थित हुने
ख) केन्द्रीय समितिको बैठकमा प्रस्तुत भएका प्रस्तावहरुमा सकृय रुपले छलफलमा सहभागी भई पारित निर्णय कार्यान्वयनमा ल्याउने ।
ग) केन्द्रीय समितिले वा अध्यक्षले तोकी दिएको जिम्मेवारी जवाफदेही भई वहन गर्ने
घ) केन्द्रीय समितिलाई पूर्ण सहयोग गर्ने
ङ) तोकिएको क्षेत्रको नियमित भ्रमण गर्ने जिल्ला समितिको कामलाई व्यवस्थित गर्न सहयोग गर्ने र सोको प्रतिवेदन केन्द्रीय समितिमा पेश गर्ने ।

**१९ जातीय परिषदको गठन :**

संस्थामा आवद्ध जातीय संस्थाको केन्द्रीय समितिको अध्यक्ष वा प्रतिनिधि र अर्को एक गरी प्रत्येक जातीय संस्थाबाट २ जना प्रतिनिधित्व रहेको जातीय परिषद गठन गरिनेछ । संस्थाको अध्यक्ष यस परिषदको अध्यक्ष हुनेछ ।

१) यस परिषदको कार्य निम्न बमोजिम हुनेछ ,
   क) संस्थाको विधानको उद्देश्य बमोजिमको कार्य गर्न कार्य समितिलाई आवश्यक सल्लाह दिने,
   ख) नेवा : भावना र गौरव सहित नेवाः एकता निम्ति कार्य समितिलाई सल्लाह दिने र आवश्यक कार्य समेत गर्ने,
   ग) देय् दबूको उद्देश्य प्राप्तिको निमित्त जातीय संगठन र यसका शाखाहरु समेतलाई परिचालन गर्ने, समन्वय् गर्ने ।
   घ) सदस्य सचिवको निर्वाचन गर्ने ।
   ङ) राष्ट्रिय परिषद सदस्य निर्वाचन गर्ने ।
२ पदावधि : यस परिषदको पदावधि केन्द्रीय समितिको पदावधि समाप्त भएपछि स्वतः समाप्त हुनेछ । परिषदको बैठक कम्तिमा ६ महिनाको एक पटक बस्नेछ ।

**२० संरक्षक मनोनयन तथा सल्लाहकार समितिको गठन :**

क) केन्द्रीय समितिले आवश्यक ठानेमा देय् दबूका संस्थापकहरु र पूर्व अध्यक्षहरु मध्येबाट तीन जनासम्म संरक्षक राख्न सक्नेछ ।
ख) केन्द्रीय समितिले पूर्व अध्यक्षहरु, नेवाः जातिका विभिन्न क्षेत्रका विशिष्ट व्यक्तिहरु समावेश गरी बढीमा केन्द्रीय समितिको एक तिहाई संख्यामा नबढ्ने गरी सल्लाहकार समितिको गठन गरिनेछ । यसरी गठन गरेको समितिमा कम्तिमा ३३ प्रतिशत महिला हुनु पर्नेछ । यस समितिले पुर्व अध्यक्षहरु मध्येबाट एक संयोजक चयन गर्नेछ ।

**२१) संरक्षक र सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार**

१) केन्द्रीय समितिलाई आवश्यक सल्लाह सुझाव दिने,

२) विधानले तोकिएको समयावधि भित्र केन्द्रीय समितिको बैठक, राष्ट्रिय परिषद र राष्ट्रिय महाधिवेशन भए नभएको अनुगमन गरी केन्द्रीय समितिलाई आवश्यक सल्लाह सुझाव दिने,

३) संस्थाको विधान परिपालन भए नभएको अनुगमन गर्ने,

## परिच्छेद ७

## जिल्ला अधिवेशन

**२२ जिल्ला अधिवेशन :**

१) प्रत्येक जिल्लामा देहाय बमोजिम जिल्ला अधिवेशन हुनेछ :

क) जिल्ला समितिका सम्पूर्ण सदस्यहरु

ख) प्रारम्भिक समितिको हकमा गाउँ/नगर कार्य समितिको सदस्य संख्याको २५:१ अनुपातमा चयन भएका प्रतिनिधिहरु बढीमा ८ जना

ग) संस्थामा सदस्यको रुपमा आवद्ध जिल्लाका खलः, पुचः, संघ, संस्था गुथिहरुबाट २५:१ बढिमा ८ जना

घ) अध्यक्षको प्रस्तावमा जिल्ला अधिवेशन गर्दा कूल हुन आउने प्रतिनिधि संख्याको बढीमा १० प्रतिशत जिल्ला समितिद्वारा मनोनित सदस्यहरु

ङ) खण्ड (ख), (ग) र (घ) बमोजिमको प्रतिनिधि संख्या कम्तिमा ३३ प्रतिशत महिला प्रतिनिधि हुनुपर्ने छ ।

ज) जिल्लामा गठन भएका विषयगत संगठनहरुको जिल्ला समितिबाट २ जना

**२३ जिल्ला अधिवेशनको काम, कर्तव्य र अधिकार**

क) जिल्ला समितिद्वारा प्रस्तुत योजना, बार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन, गत आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन र आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा प्रस्तावित वजेट अनुमोदन गर्ने ।

ख) राष्ट्रिय महाधिवेशन को निमित्त प्रतिनिधि र राष्ट्रिय परिषदको लागि पार्षद चयन गर्नु

ग) जिल्ला समितिको निर्वाचन गर्ने ।

घ) आवश्यकतानुसार समिति उपसमितिहरुको गठन गर्ने, गराउने।

ङ) नेवाः देय् दबूको हित र उद्देश्य प्राप्तिका लागी क्रियाशील रहने।

**२४ जिल्ला समिति गठन र अन्य व्यवस्था :**

(१) संस्थाको नीति निर्माण तथा दैनिक कार्य संचालन गर्न बढीमा १९ सदस्यीय एक जिल्ला समिति रहनेछ । निर्वाचित अध्यक्ष र निर्वाचित १२ सदस्यहरुको बैठकले क्षेत्रीय, लैंगिक, जातीय समावेशीको आधारमा ६ जना मनोनीत गरिनेछ ।

(२) उपदफा (१) बमोजिम जिल्ला समिति निर्वाचित भइसकेपछि निर्वाचित सदस्यहरु मध्येबाट अध्यक्षको प्रस्तावमा समितिले देहाय बमोजिम पदाधिकारीहरुको पदभार निर्धारण गरिनेछः

| | | |
|---|---|---|
| (क) | उपाध्यक्ष | १ |
| (ख) | सचिव | १ |
| (ग) | सहसचिव | १ |
| (घ) | कोषाध्यक्ष | १ |

(३) सल्लाहकार समितिको संयोजक समितिको पदेन सदस्य हुनेछ।
(४) सम्बन्धित जिल्लाबाट केन्द्रीय समिति, राीष्ट्र्य परिषदमा प्रतिनिधित्व गर्ने पदाधिकारी पदेन सदस्य हुनेछ ।
(५) जिल्ला समितिको कार्यावधि ३ बर्षको हुनेछ । तर यिनीहरु पुनः निर्वाचित हुन सक्नेछन् ।
(६) जिल्ला समिति जिल्ला अधिवेशन प्रति उत्तरदायी हुनेछ ।
(७) अध्यक्षको निर्देशन अनुसार सचिवले जिल्ला समितिको बैठक साधारणतया दुई महिनामा एक पटक बोलाउने छ । बैठक बोलाउने सूचना सबै सदस्यहरुलाई विशेष र आकस्मिक बैठक बाहेक ७ दिन अगावै लिखित रुपमा दिनुपर्नेछ ।
(८) कुनैपनि सदस्य बिना सूचना लगातार तीन पटक बैठकमा अनुपस्थित भएमा त्यस्ता व्यक्तिलाई जिल्ला समितिको बैठकबाट निर्णय गरी हटाउन सक्नेछ ।
(९) पदाधिकारी र सदस्य सम्मिलित ७ सदस्यीय जिल्ला सचिवालय गठन गर्न सकिने छ ।
(१०) जिल्ला समितिको बैठकले आश्यकतानुसार स्थानीय नेवाः बुद्धिजीवि, बिशिष्ट व्यक्तिहरु मध्येबाट सल्लाहकार नियुक्ति गर्न सकिनेछ ।

**२५) जिल्ला समितिको काम, कर्तव्य र अधिकार :**

जिल्ला परिषदको निर्देशनको अधिनमा रही जिल्ला समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) जिल्ला अधिवेशनमा बार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन र अनुमानित आय ब्यय (वजेट) निर्णयार्थ पेश गर्ने
ख) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय परिषद र केन्द्रीय समितिबाट प्रतिपादित नीति, निर्देशनको पालना गर्ने, गराउने ।
ग) जिल्लामा रहेका खलः पुचः संघ संस्था गुथिको अभिलेख राख्ने,
घ) संस्थामा आवद्ध जिल्ला भित्रका सदस्यहरुको सदस्यता नवीकरण गर्ने र नयाँ सदस्यता वितरण गर्ने
ङ) नेपाल आदिवासी जनजाती महासंघ जिल्ला परिषद लगायत जिल्लास्तरीय संघ संस्थाको कार्यक्रमहरुमा प्रतिनिधित्व गर्ने, गराउने ।
च) जिल्लामा गठन गरिएको विभाग, विषगत संगठन, जातीय संगठनसँग निरन्तर सम्पर्क र समन्वय गर्ने
छ) आवश्यकतानुसार समिति उपसमितिको गठन गरी कार्यक्षेत्र निर्धारण तथा कुनै निकाय वा व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्न सकिने ।
ज) प्रत्येक वर्ष केन्द्रीय समितिमा तोकिए बमोजिमको शुल्क बुझाउने
ञ) कुनै कारणबस जिल्ला समितिको कुनै सदस्यको पद रिक्त भएमा बाँकी अवधिको लागी मनोनयन गरी पदपूर्ति गर्ने,
ट) आवश्यकतानुसार कर्मचारीको दरवन्दी सृजना गरी, नियुक्ति र खारेज गर्ने, गराउने
ठ) लेखा अध्यावधि राख्ने
ड) यस विधानमा व्यवस्था भए बमोजिम आवश्यक अन्य कार्य गर्ने गराउने,

**२६ पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :**

**१) अध्यक्षको काम, कर्तव्य र अधिकार**

क) जिल्ला अधिवेशन र जिल्ला समितिको बैठकको अध्यक्षता गर्ने
ख) नेवाः देय् दबूमा आवद्ध जिल्ला भरिका सदस्य संघ संस्थाहरुको सुपरिबेक्षण गरी आवश्यक परामर्श

लिने, दिने कार्य गरी कार्यक्रम तर्जुमा गर्ने

ग) नेवारहरुको बसोबास भएका गाउँ/नगरमा नेवाः देय् दबू गठन गर्ने, नेवाः देय् दबूमा आवद्ध गर्ने

घ) आदिवासी जनजातिहरुको माग पुरा गराउन आवश्यक पहल गर्ने

ङ) पदाधिकारी तथा सदस्यहरुको कामको बाँडफाँड गर्ने, निर्देशन दिने र राजीनामा स्वीकृत गर्ने

च) संस्थाको चल अचल सम्पत्तिको रेखदेख, संरक्षण र नियन्त्रण गर्ने, गराउने

छ) समितिको बैठक नबसेको अवस्थामा अपर्झट कुनै कार्य गर्न आवश्यक देखिएमा उक्त कार्य नभएमा संस्थालाई हानी नोक्सानी हुने भएमा सो कार्य गरी आगामी बैठकमा अनुमोदनका लागी पेश गर्ने

ज) बैठकमा मत वरावर भएमा निर्णायक मत दिने ।

झ) विभिन्न निकायमा प्रतिनिधित्व गर्ने, गराउने ।

**२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) अध्यक्षको काममा सहयोग गर्ने अध्यक्षले तोकेको काम गर्ने ।

ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्य गर्ने ।

**३) सचिवको काम, कर्तव्य र अधिकार :**

क) अध्यक्षको निर्देशन अनुसार अधिवेशन र समितिको बैठक बोलाउने ।

ख) अधिवेशन तथा कार्य समितिद्वारा पारित निर्णयहरु कार्यान्वयन गर्ने, गराउने ।

ग) अधिवेशन र समितिको बैठकको कार्यसूची तयार गर्ने सूचना निकाल्ने, बैठकको निर्णय अभिलेखन गर्ने र निर्णयहरु सदस्यहरुलाई पठाउने

घ) जिल्ला समितिको तर्फबाट जिल्ला अधिवेशन, जिल्ला समितिको बार्षिक प्रगति प्रतिवेदन र अगामी वर्षको कार्यक्रम निर्णयार्थ पेश गर्ने

ङ) जिल्ला अधिवेशनद्वारा पारित प्रतिवेदन र अगामी वर्षको कार्यक्रम केन्द्रीय समितिमा पठाउने ।

च) त्रैमासिक प्रगति प्रतिवेदन केन्द्रीय समितिमा पठाउने

छ) जिल्ला समितिको दैनिक प्रशासनिक कामको जिम्मा लिने

ज) अन्य तोकिएको कार्य गर्ने

**४) सह सचिवको काम, कर्तव्य र अधिकार :**

क) सचिवको काममा पूर्ण सहयोग गर्ने र सचिवको अनुपस्थितिमा जिम्मेवार भई सचिवले गर्ने सम्पूर्ण कार्य गर्ने

ख) अध्यक्ष वा सचिव वा कार्यसमितिले तोकेको जिम्मेवारी सम्हाल्ने ।

**५) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) संस्थाको आर्थिक कारोबार सम्बन्धी जिम्मा लिने

ख) संस्थाको उद्देश्य प्राप्तिका लागी उपयुक्त लेखा पुस्तिका नियमानुसार दुरुस्त राख्ने, राख्न लगाउने

ग) जिल्ला समितिको तर्फबाट जिल्ला अधिवेशनमा जिल्ला समितिको बार्षिक आर्थिक प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन र अगामी आर्थिक वर्षको प्रस्तावित वजेट पेश गर्ने

घ) विधानको दफा १८ को उपदफा ५ को खण्ड (ग),(घ),(ङ) र (च) बमोजिम कार्य गर्ने, गराउने

**६) सदस्यको काम, कर्तव्य र अधिकार :**

क) बैठक र संस्थाको कार्यक्रमहरुमा नियमित उपस्थित हुने

ख) जिल्ला समितिको बैठकमा प्रस्तुत भएका प्रस्तावहरुमा सकृय रुपले छलफलमा सहभागी भई निष्कर्षमा पुऱ्याउने, पारित निर्णय निर्णयहरु कार्यान्वयनमा ल्याउने ।

ग) तोकिएको गाउँ/नगरको नियमित अनुगमन गरी जिल्ला समितिमा प्रतिवेदन पेश गर्ने ।

घ) अध्यक्ष वा समितिले तोकेको जिम्मेवारी जवाफदेही भई बहन गर्ने ।

## परिच्छेद ८
## गाउँ/नगर अधिवेशन

### २७ गाउँ/नगर अधिवेशन

(१) देहाय बमोजिम आबश्यकता अनुसार गाउँ/नगर अधिवेशन गठन हुनेछ

क) गाउँ/नगरमा गठन भएका नेवाः जातीको भाषा, साहित्य, सँस्कृति उत्थान सम्बन्धी प्रत्येक संस्थाका १ जना प्रतिनिधि

ख) प्ररम्भिक समितिको रुपमा रहेको नेवाः देय् दबूको गाउँ/नगर विषयगत समितिले आफू मध्येबाट छनौट गरी पठाएको २ जना महिला र २ जना पुरुष प्रतिनिधिहरु

(२) यदि गाउँ/नगरमा एउटै मात्र संस्था भए केन्द्रको स्वीकृति लिई सोही संस्थालाई गाउँ/नगर कार्य समितिको काम गर्ने अधिकार प्रत्यायोजन गर्न सकिनेछ ।

### २८ गाउँ/नगर अधिवेशन

(१) गाउँ/नगर कार्य समितिले कार्य सूची सहित १५ दिन अगावै सदस्यहरुलाई सभा हुने स्थान र मिति उल्लेख गरी लिखित सूचना दिई वर्षको एकपटक गाउँ/नगर अधिवेशन बोलाउनु पर्नेछ ।

(२) गाउँ/नगर कार्यसमितिको आह्वानमा वा गाउँ/नगर अधिवेशनका एक तिहाई (१/३) सदस्यहरुले मनासिव कारण देखाइ अधिवेशनको माग गरेमा सोको १५ दिन भित्र गाउँ/नगर परिषदको बिशेष सभा सात दिनको सूचना दिएर बोलाउनु पर्नेछ ।

(३) गाउँ/नगर अधिवेशनको गणपुरक संख्या ५१ प्रतिशत हुनेछ । पहिलो पटक गणपुरक संख्या नपुगेमा लगतै बस्ने सभामा उपस्थित संख्या नै गणपुरक संख्या हुनेछ ।

### २९ गाउँ/नगर अधिवेशनको काम कर्तव्य र अधिकार

क) गाउँ/नगर कार्यसमितिद्धारा प्रस्तुत योजना, बार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन गत आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदन र अगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा प्रस्तावित वजेट अनुमोदन गर्ने

ख) प्रतिनिधिदहरु मध्येबाट अध्यक्ष एक सहित कम्तिमा ३३ प्रतिशत महिला सहभागिता हुनेगरी बढी ७ जना निर्वाचित गर्ने

ग) गाउँ/नगर अधिवेशनको कार्यसूची स्वीकृत गर्ने र कार्यसूचीका सबै विषयमा छलफल तथा निर्णय गर्ने

घ) आवश्यकतानुसार समिति उप–समितिहरुको गठन गर्ने, गराउने

(ङ) गाउँ/नगरको कार्य क्षेत्र भित्र गठन भएका नेपालभाषा, लिपि, सँस्कृति र जातीय अधिकारका लागि गठन भएका संघ संस्थाको व्यवस्थापन र समन्वय गर्ने

### ३०. गाउँ/नगर कार्य समिति गठन र अन्य व्यवस्था

(१) संस्थाको नीति निर्माण तथा दैनिक कार्य संचालन गर्न बढीमा ११ सदस्यीय एक गाउँ/नगर कार्य समिति रहनेछ। निर्वाचित अध्यक्ष र ७ सदस्यहरुको बैठकले जातीय संस्था, पछाडी पारिएका समुदाय र ३३ प्रतिशत महिला सहित बढीमा ३ जना मनोनीत गरिनेछ।

(२) उपदफा (१) बमोजिम गाउँ/नगर कार्य समिति निर्वाचित भइसकेपछि निर्वाचित सदस्यहरु मध्येबाट अध्यक्षको प्रस्तावमा समितिले देहाय बमोजिम पदाधिकारीहरुको पदभार निर्धारण गरिनेछः

| | | |
|---|---|---|
| (क) | उपाध्यक्ष | १ |
| (ख) | सचिव | १ |
| (ग) | सहसचिव | १ |
| (घ) | कोषाध्यक्ष | १ |

(३) सल्लाहकार समितिको संयोजक समितिको पदेन सदस्य हुनेछ।

(४) सम्बन्धित जिल्लाबाट केन्दीय समिति, राष्ट्रिय परिषद, जिल्ला समितिमा प्रतिनिधित्व गर्ने पदाधिकारी पदेन

(५) गाउँपालिका, नगर पालिकामा कार्यरत देय् दबूका सदस्य खलःपुचः गुथिका अध्यक्ष पदेन

(६) कार्य समितिको कार्यकाल ३ बर्ष हुनेछ। तर यिनिहरु समितिमा पुनः निर्वाचित हुन सक्नेछन।

(७) कुनै कारणबस गाउँ नगर कार्यसमितिको कुनै सदस्यको पद रिक्त भएमा साधारण सदस्यहरु मध्येबाट बाँकी अवधिको लागी मनोनयन गरी पदपूर्ति गर्ने

(८) अध्यक्षको निर्देशन अनुसार सचिवले कार्य समितिको बैठक साधारणतया प्रत्येक महिना बोलाउने छ।

(९) कुनैपनि सदस्य बिना सूचना लगातार तीन पटक बैठकमा अनुपस्थित भएमा त्यस्ता व्यक्तिलाई गाउँ/नगर समितिको बैठकबाट निर्णय गरी हटाउन सक्नेछ।

(१०) कार्य समितिले आवश्यक ठानेमा सल्लाहकार नियुक्त गर्न सक्नेछ।

### ३१ गाउँ/नगर कार्य समितिको काम, कर्तव्य र अधिकार

गाउँ/नगर अधिवेशनको निर्देशनको अधिनमा रही गाउँ/नगर कार्य समितिको काम कर्तव्य देहाय बमोजिम हुनेछ

(क) गाउँ/नगर अधिवेशनमा बार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन र अनुमानित आय-व्यय (बजेट) निर्णयार्थ पेश गर्ने

(ख) माथिल्लो समितिबाट जारी परिपत्र, निर्देशनहरु निशर्त कार्यान्वयन गर्ने, गराउने

(ग)नेवारहरुलाई संस्थाको सदस्य बनाउने,

(घ)नेपाल आदिवासी जनजाती महासंघ गाउँ/नगर परिषदमा प्रतिनिधित्व गर्ने, गराउने

(ङ)आफ्नो कार्यक्षेत्र भित्र गठन भएका खलः पुच, संस्था विषगत संगठनहरुसँग सम्पर्क समन्वय गर्ने

(च) गाउँ/नगर अधिवेशनले गरेको निर्णय कार्यान्वयन गर्ने गराउने

(छ) माथिल्लो समितिमा पठाएको प्रतिनिधिले चित्त बुभ्दो काम नगरेको लागेमा प्रत्याह्वान गरी सो ठाउँमा अर्को प्रतिनिधि चयन गरी पठाउन सक्नेछ।

### ३२ पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :

#### १) अध्यक्षको काम, कर्तव्य र अधिकार :

क) गाउँ/नगर कार्य समितिले आयोजना गरेका बैठक तथा कार्यक्रमहरुको अध्यक्षता गर्ने।

ख) बैठकमा बराबर मत भएमा निर्णायक मत दिने।

ग) गाउँ/नगर स्तरीय बैठक, अधिवेशनमा पेश गरिने प्रस्तावहरु तयार गर्ने तथा पारित निर्णयहरु कार्यान्वयन गर्ने गराउने
घ) गाउँ /नगर भरिका सदस्य संघ/संस्थाहरुको सुपरिवेक्षण गरी आवश्यक परामर्श लिने दिने कार्य गर्ने
ङ) नेवाः देय् दबूमा आबद्ध हुन बाँकी संघ संस्थालाई आबद्ध हुन प्रेरित गर्ने ।
च) नेवारहरुको उपस्थिति रहेको गाउँ/नगरहरुमा नेवाः संघ संस्था खोल्न प्रेरित गरी नेवारहरुलाई संगठित बनाउने।

**२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**
क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण काम गर्ने ।
ख) गाउँ/नगर अधिवेशनबाट तोकिएको जिम्मेवारी पूरा गर्ने, गराउने ।
ग) अध्यक्षलाई सहयोग पुऱ्याउने ।
घ) गाउँ/नगर अधिवेशनलाई क्रियाशील बनाई अगाडि बढाउने ।
ङ) अन्य तोकिएको कार्यहरु गर्ने ।

**३) सचिवको काम, कर्तव्य र अधिकार :**
क) गाउँ/नगर कार्यसमितिको प्रशासनिक तथा दैनिक कार्य संचालन गर्ने ।
ख) गाउँ/नगर कार्यसमितिको सम्पूर्ण कागजातहरुको जिम्मा लिने, प्रगति प्रतिवेदन पेश गर्ने, गाउँ/नगर आबद्ध संस्थाहरुसँग परामर्श गरी अधिवेशनमा प्रस्ताव पेश गर्ने ।
ग) गाउँ/नगर कार्यसमितिले तोकेको समयावधिमा बैठक बोलाउने, अध्यक्षको सल्लाह बमोजिम अन्य समय परिस्थिति अनुसार बैठक बोलाउने ।
घ) बैठकमा पेश हुने प्रस्तावहरुको मस्यौदा तथा बैठकको मिति तोकी अधिवेशनका प्रतिनिधिहरुलाई पत्राचार गर्ने ।
ङ) अधिवेशन र गाउँ/नगर कार्य समितिबाट भएका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने ।
च) अन्य तोकिएको कार्यहरु गर्ने ।

**४) सह सचिवको काम, कर्तव्य र अधिकार :**
क) सचिवको अनुपस्थितिमा सचिवले गर्ने सम्पूर्ण काम गर्ने ।
ख) अधिवेशन र गाउँ/नगर कार्य समितिको बैठकले दिएको जिम्मेवारी बहन गर्ने ।
ग) अन्य तोकिएको कार्यहरु गर्ने ।

**५) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**
क) कोषाध्यक्षले गाउँ/नगर कार्य समितिको आर्थिक कोषको कार्यहरु सम्पादन गर्ने ।
ख) गाउँ/नगर कार्य समितिको आय-व्ययको विवरण पारदर्शि रुपमा राख्ने ।
ग) गाउँ/नगर कार्य समितिले गरेको आर्थिक कारोवारहरुको प्रत्येक आर्थिक बर्षमा आन्तरिक लेखा परीक्षण गराई र आगामी आर्थिक वर्षको लागी प्रस्तावित बजेट अधिवेशनमा पेश गर्ने ।
घ) कोषाध्यक्षले प्रत्येक आर्थिक बर्षको आर्थिक प्रतिवेदन कार्य समिति समक्ष अनुमोदन गराई अधिवेशनमा पेश गर्ने
ङ) गाउँ/नगर कार्य समितिको चल अचल सम्पत्तिको विवरण राख्ने तथा तिनीहरुको संरक्षण सम्बर्द्धन गर्ने
च) अन्य तोकिएको कार्यहरु गर्ने ।

**६) सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

क) गाउँ/नगर कार्य समितिको बैठकमा उपस्थित हुने, छलफल र निर्णयमा भाग लिने ।

ख) गाउँ/नगर कार्य समितिको बैठकले दिएको जिम्मेवारी पुरा गर्ने ।

ग) गाउँ/नगर कार्य समितिलाई क्रियाशील रुपमा संचालन गर्न सक्रिय भुमिका निर्वाह गर्ने ।

घ) अन्य तोकिएको कार्यहरु गर्ने ।

## परिच्छेद ९

**३३ आर्थिक श्रोतहरु :**

(१) यस संस्थाका आर्थिक श्रोतहरु देहाय बमोजिम हुनेछन्

क) सदस्यता तथा बार्षिक शुल्क

ख) चल, अचल सम्पत्तिबाट हुने आम्दानी

ग) राष्ट्रिय तथा अन्तराष्ट्रिय, व्यक्तिगत श्रोतबाट प्राप्त वस्तुगत वा नगद आर्थिक सहयोग, दान, उपहार

घ) नेपाल सरकार/स्थानीय निकाय, अन्य श्रोतबाट प्राप्त अनुदान

ङ) निश्चित उद्देश्य र कार्यको लागी अक्षयकोषको रुपमा प्राप्त रकमहरु

च) परियोजना तथा विशेष कार्यक्रमका लागी प्राप्त रकमहरु

छ) सेवा शुल्क वा संचालन शुल्कबाट प्राप्त आम्दानी

ज) संस्थाको प्रकाशन, अनुसन्धानबाट संकलन हुने आय

(२) संस्थाले बिदेशी सरकार तथा अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाबाट अनुदान रकम प्राप्त गर्नु अघि नेपाल सरकार समाज कल्याण परिषदको पूर्व स्वीकृति लिनु पर्नेछ ।

**३४ कोषको संचालन :**

(१) दफा ३३ को उपदफा (१) बमोजिम स्रोतहरु प्राप्त रकम संस्थाको नाममा कोष खडा गरी नेपालको कुनै बैक वा वित्तिय संस्थामा जम्मा गरिने छ ।

(२) उपदफा (१) बमोजिम खडा भएको कोष सामन्यतया कोषाध्यक्षको अनिवार्य अध्यक्ष वा महासचिव मध्ये कुनै एक गरी दुई जनाको संयुक्त हस्ताक्षरबाट संचालित हुनेछ ।

(३) अक्षयकोषको रुपामा प्राप्त रकम बैक वा वित्तीय संस्थाको मुद्दति खातामा राखी त्यसको व्याजको प्रतिफलबाट मात्र तोकिएको उद्देश्यको लागी नियमानुसार खर्च गर्न सकिने छ ।

**३५ आर्थिक विवरण/ लेखा परिक्षण :**

(१) जिल्ला, गाउँ/नगर कार्य समितिले आफ्नो आर्थिक प्रतिवेदन सम्बन्धित अधिवेशनमा पारित भएपछि गाउँ/नगर कार्य समितिले जिल्ला तथा जिल्ला समितिले केन्द्रमा पठाउनु पर्नेछ

(२) केन्द्रीय समितिले राष्ट्रिय परिषद/राष्ट्रिय महाधिवेशनबाट पारित गराई लेखापरीक्षण प्रतिवेदन तथा बार्षिक प्रगति विवरण एक/एक प्रति प्रत्येक वर्ष सम्वन्धित निकायमा समेत पेश गरिनेछ ।

**३६ बुझ बुझारथ**

जुनसुकै स्तरको पदाधिकारी वा सदस्यको जिम्मा रहेको, नगदी, जिन्सी र कागजात आफ्नो कार्यवधि समाप्त भएको

१५ दिन भित्र सम्बन्धित पदाधिकारीलाई अनिवार्य रुपमा बुझाउन पर्नेछ । तोकिएको समयावधि भित्र पनि बुझ बुझारथ नगरेमा त्यस्ता पदाधिकारी वा सदस्यलाइ ७ दिनको म्याद दिइ बुझ बुझारथ गर्ने निर्देशन दिइने छ । दिएको म्याद भित्र पनि बुझ बुझरथ नगरेमा प्रचलित कानून बमोजिम असुल उपर गर्न गराउन सकिनेछ । त्यस्ता पदाधिकारी तथा सदस्यहरु जुन सुकै स्तरको निर्वाचनमा उम्मेद्वार वा मनोनित हुन अयोग्य हुनेछन्

## परिच्छेद १०

## निर्वाचन

**३७ निर्वाचन प्रकृया**

(१) सबै स्तरका निर्वाचन लोकतान्त्रिक पद्धतिद्वारा हुनेछ ।

(२) सबै तहको निर्वाचन विधानमा तोके बमोजिम हुनेछ । कुनै विशेष परिस्थितिमा निर्वाचनलाई पछि सार्न परेमा केन्द्रिय समितिको निर्णयबाट बढीमा ३ महिनासम्म म्याद थप गर्न सकिनेछ ।

(३) कार्य समितिले महाधिवेशनको तिथि घोषणासंगै निर्वाचनको लागी मुख्य निर्वाचन आयुक्त सहित बढीमा ३ जना निर्वाचन समिति सदस्य नियुक्ति गर्नेछ ।

(४) निर्वाचन अधिकृतहरुले कार्य समितिको कुनै पनि पदमा उम्मेदवार हुन पाउने छैन । तर प्रतिनिधि भएमा मत खसाल्ने अधिकारबाट वञ्चित रहने छैन ।

(५) निर्वाचनको मिति सम्बन्धित तहका समितिले तोके बमोजिम हुनेछ र निर्वाचन सम्बन्धी अन्य प्रकृयाहरु कार्य समितिको परामर्श लिई निर्वाचन समितिले तर्जुमा गर्नेछ ।

(६) नेवाः देय् दबू केन्द्रीय समितिले छुट्टै निर्वाचन नियमावली बनाउन सक्नेछ । सो नियमावली सम्बन्धित सदस्य संस्था, समितिहरुमा २ महिना भित्र पठाइनेछ ।

## परिच्छेद ११

## विविध

**३८ कार्यविधि थपको व्यवस्था**

संस्थाको विधान अनुसार जिल्ला वा नगर वा गाउँ अधिवेशन भेला बोलाउन नसकिएमा केन्द्रीय समितिले सचेत गराउने छ । सोबाट पनि समाधान नभएमा केन्द्रीय समिति स्वयंले वा तयारी समिति गठन गरी अधिवेशन बोलाई समिति गठन गरिनेछ ।

**३९ अविश्वासको प्रस्ताव :**

(१) सबै तहको कार्य समितिले कुनै पदाधिकारी वा सदस्य माथि सम्बन्धित सभामा अविश्वासको प्रस्ताव पेश गर्न सकिनेछ  । तर

क) बैठक हुनुभन्दा कम्तिमा १५ दिन अगावै सो प्रस्ताव सम्बन्धित तहको कार्यालयमा दर्ता गरिएको हुनु पर्दछ ।

ख) सम्बन्धित सभाको सम्पूर्ण संख्याको एक तिहाई सदस्यहरुको हस्ताक्षरबाट अविश्वासको प्रस्ताव दर्ता गरिने छ ।
ग) अविश्वासको आरोप लागेको सदस्यलाई सो आरोपको सम्बन्धमा कम्तिमा एक हप्ताको अग्रिम सूचना दिई निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिइने छ । तर मतदान गर्ने अधिकार हुने छैन
घ) उपस्थित सदस्य संख्याको दुई तिहाई (२/३) मतले अविश्वासको प्रस्ताव पारित भएमा सम्बन्धित कार्यसमिति सदस्यको आफ्नो पदबाट स्वत हटने छ ।
ङ) अध्यक्ष विरुद्ध पेश भएको अविश्वासको प्रस्तावमा छलफल हुँदा उपाध्यक्ष वा सभाले छानेको व्यक्तिले अध्यक्षता गर्ने छ

**४० विधान संशोधन**

(१) राष्ट्रिय महाधिवेशन/विधान अधिवेशनमा केन्द्रीय समितिको तर्फबाट विधान संशोधनको प्रस्ताव प्रस्तुत गरिनेछ
(२) विधान संशोधन सम्बन्धि प्रस्ताव कुनै जिल्ला समिति वा राष्ट्रिय परिषद सदस्यले राष्ट्रिय महाधिवेशन वा विधान अधिबेशनको बैठक बस्नुभन्दा दुई महिना अगावै नेवाः देय् दबूको केन्द्रीय कार्यालयमा पुऱ्याइ सक्नु पर्नेछ ।
(३) उपदफा (१) बमोजिम आएका संशोधन सम्बन्धी प्रस्तावहरु राष्ट्रिय अधिवेशन वा बिधान अधिवेशनमा उपस्थित मतदान गर्ने सदस्यहरुको दुई तिहाई (२/३) मतबाट अनुमोदन भएमा विधान संशोधन प्रस्ताव पारित हुनेछ ।
(४) संशोधन विधान स्थानीय अधिकारीको स्वीकृति प्राप्त भएपछि लागु हुनेछ ।
(५) संशोधित विधानको प्रतिलिपि सम्बन्धित निकाय र मातहतका सबै समितिमा पठाइनेछ ।

**४१ विधान अधिवेशन/विशेष अधिवेशन गठन तथा संचालन प्रकृया**

१) केन्द्रीय समिति, संरक्षक र सल्लाहकार समितिको संयुक्त बैठकको निर्णय अनुसार तोकिएका प्रतिनिधिहरु भएको विधान/विशेष अधिवेशन बोलाइने छ ।
क) उक्त अधिवेशनमा देय् दबूको सदस्य रहेका सम्पूर्ण संस्थागत खलः पुचःहरुबाट न्यूनतम एकजना प्रतिनिधित्व गराइनेछ ।

**४२ विधानको व्याख्या गर्ने अधिकार**

यस विधानको व्याख्या गर्ने अधिकार केन्द्रीय समितिलाई हुनेछ ।

**४३ नियमावली, निर्देशिकाहरु बनाउने**

विधानको परिधिभित्र रही केन्द्रीय समितिले आवश्यकतानुसार नियमावली,नीति, नियम, कार्यविधि निर्देशिका तर्जुमा
गरी कार्यान्वयन गर्न गराउन सक्नेछ ।

**४४ खारेजी, बचाउ र बाधा अडकाउ फुकाउने**

(१) यस विधानमा नपरेका यस अघिका संशोधनहरु खारेज गरिएका छन् ।
(२) विधान लागू हुन अघि निर्वाचित निकायहरु आफ्नो पदावधि रहेसम्म कायम रहनेछन् र यसभन्दा अघि भए गरेका काम कारवाहीहरु यसै विधान अनुसार भए गरेको मानिने छ ।

(३) यस विधानमा व्यवस्था भए बाहेक संस्थामा कुनै अनपेक्षित बाधा अडकाउ आइपरेमा सो फुकाउने अधिकार केन्द्रीय समितिमा निहित रहने छ ।

**४५ संस्था विघटन**

राष्ट्रिय महाधिवेशनका सम्पूर्ण सदस्य संख्याको दुई तिहाई सदस्य उपस्थित भएको सभामा तीन चौथाइ (३/४) सदस्यहरुको मतले संस्था बिघटन हुनेछ । संस्थाको चल अचल सम्पत्ति प्रचलित नियम कानून अनुसार हुनेछ ।

**४६ संक्रमणकालीन व्यवस्था**

नेपालको संविधान बमोजिम प्रादेशिक संरचना लागू भएपछि केन्द्रीय समितिले नियमावली तर्जूमा गरी प्रदेश कार्यसमिति गठन गर्न सक्नेछ । त्यसपछि बस्ने राष्ट्रिय महाधिवेशनले विधानमा संशोधन गरी व्यवस्थित गर्नेछ ।

**अनुसूची १**

संस्थापक सदस्यको नामावली

**अनुसूची २**

छाप, लोगो र झण्डा

NEWA DEY DABOO



**अनुसूची ३**

सपथ ग्रहण

म ............................ ईश्वरको नाममा आफ्ना पुर्खाहरुलाई साक्षी राखी शपथ लिन्छु कि नेवाः देय् दबूको .............. पदमा निर्विरोध/निर्वाचित भएकोले विधानमा तोकिएको कार्य मेरो तन, मन, वचन, कर्म र विवेकले जानेबुझेसम्म इमान, धर्म तथा परम कर्तव्य सम्झी देय् दबू तथा सम्पूर्ण नेवारहरु प्रति वफादार रही नेवाः देय् दबूको विधान ११११५(संशोधन सहित) को अधिनमा रही आफ्नो काम, कर्तव्यको पालना गर्नेछु ।

शपथ लिने व्यक्तिको हस्ताक्षर ...........

शपथ गराउने व्यक्तिको हस्ताक्षर ...........

नाम :                                   पद :

मिति : .........

**अनुसूची ४**
नेवाः देय् दबूको साझा गान

हिचःति हाय्काः देय् नीस्वंपिं
नेपाःया नेवाः झी
युगलिसे थःनं हिलाः न्ह्यज्याः वने
नेपाः देस-थुवाः झी

भाषा, लिपि, तजिलजि-स्वां ह्वय्काः
राष्ट्र म्हसीकाः च्वंपिं
नेवाः-लहना तिसां तियाः देय्
मुसुहुं न्ह्यीकाः च्वंपिं

झःझः धाय्क लुयाच्वने हलिमय्
राष्ट्रिय ध्वाँय् ब्वय्काः झी
नेपाःया नेवाः झी
नेपाः देस-थुवाः झी ।